# राष्ट्रिय सतर्कता केन्द्रको

## सेवा करारमा लिने सम्बन्धी शीलबन्दी दरभाउपत्र आब्ह्वानको सूचना

*(सूचना टाँस गरिएको तथा प्रकाशन मिति– २०६५।७।२८ )*

यस केन्द्रको लागि आ.ब. २०६५।०६६ को वांकी अवधिका लागि ५ जना हलुका सवारी चालक,१० जना पियन,२ पाले,२ स्वीपर र १ माली गरी जम्मा २० जनाको सेवा एकमुष्ट रुपमा करारबाट आपूर्ति गराउनु पर्ने भएकाले  ईच्छुक व्यक्ति, रजिष्टर फर्म वा संस्थाबाट यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तल उल्लिखित रित पूर्वकको सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. २०६५ आषाढ मसान्त सम्मको करचुक्ता प्रमाण पत्र तथा फर्म नवीकरण प्रमाण पत्र, र जनशक्ति आपूर्ति गर्न पाउने स्पष्ट ईजाजत प्राप्त भएको प्रमाण पेश गरी शीलवन्दी कोटेशन फर्म खरीद गर्न पाइनेछ।

२. सेवा प्रदान गर्न ईच्छुक व्यक्ति,रजिष्टर फर्म वा संस्थाले सरकारी कार्यालय वा सार्वजनिक संस्थामा न्युनतम २ वर्ष उल्लिखित सबै सेवाहरु सन्तोषजनक रुपले प्रदान गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

३. सूचना प्रकाशन भएको मितिले १५ औ दिन दिनको १६.०० बजेभित्र सिलबन्दी दरभाउपत्र खरिद गरी सोको भोलिपल्ट दिनको १२:०० भित्र दाखिला गरिसक्नुपर्नेछ ।

४. दरभाउपत्र फारम तथा अन्य सूचनाहरु यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट रु. ३००।- (तिन सय फिर्ता नहुने) तिरी प्राप्त गर्न सक्नेछ ।

५. सिलवन्दी दरभाउपत्र साथ आफुले कवोल गरेको रकमको २.५% रकम नेपाल राष्ट्र बैंक को खाता नं. स.अ. १३१८९५/०६५ मा जम्मा गरेको सक्कलै भौचर वा ९० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट जारी जमानी पत्र (विड वण्ड) पेश गर्नु पर्ने छ । नगद धरौटीलाई मान्यता दिइने छैन ।

६. तोकिएको मिति र समय भित्र दाखिला भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औ दिन अपरान्ह १:०० बजे दाखिला गर्ने फर्म वा कम्पनीको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । प्रतिनिधिको अनुपस्थितिमा समेत दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

७. कार्यालयबाट बिक्री नभएको दरभाउपत्र  स्वीकृत गरिनेछैन ।

८. यस कार्यालयमा दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. दरभाउपत्र खाम बन्द गरी सिलबन्दी गरिएको हुनुपर्नेछ । खाम बन्द नगरेको र सिलबन्दी नभएको बोलपत्र यस कार्यालयमा दर्ता गरिने छैन ।

१०. सिलबन्दी गरिएको बोलपत्रको बाहिर खाममा " जनशक्ति आपूर्ति सम्वन्धी सिलबन्दी दरभाउपत्र ।" लेखी प्रस्तुत गर्नुपर्नेछ ।

११. एकपटक दाखिला गरिसकेको बोलपत्र फिर्ता लिन पाइने छैन ।

१२. दरभाउपत्र स्वीकृत भए पछि दरभाउपत्र दाताले कबोल अंकको ५% रकम बराबरको कार्यासम्पादन जमानत बापतको बाणिज्य बैंकबाट जारी कम्तीमा एक वर्ष म्याद भएको Performance Bank Guarantee वा नगदै धरौटी खातामा जम्मा गरेपछि मात्र सम्झौता गरिनेछ ।

१३. यस सम्बन्धी कुनै जानकारी लिनु परेमा यस केन्द्रको फोन नं.४२२६३८० अथवा ४२२७०९६ सर्म्पक राख्नु हुन अनुरोध गरिन्छ ।